नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७७/७८
चलानी नं.:- 22

मितिः- २०७७/०४/१६

विषयः- बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

श्री गाउँपालिका / नगरपालिका
बहुक्षेत्रीय पोषण कार्यक्रम लागू भएका (३०८ सबै) ।

प्रस्तुत विषयको सम्वन्धमा मन्त्रालयको च.नं. ४४२, मिति २०७७/०२/२६ को पत्र व्यहोरा अनुसार चालु आर्थिक वर्ष २०७७/०७८ मा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनको निरन्तरता रहने भन्ने व्यहोराको पत्र प्राप्त भएकै छ । नेपाल सरकारको चालु आ.ब.को व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) को खर्च शीर्षक ३६५००१०६ मा बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि बजेट विनियोजन भएको छ । उक्त कार्यक्रमको लागि नेपाल सरकार र युरोपियन युनियनवीच भएको आर्थिक प्रस्ताव बमोजिम कार्यक्रमको क्षेत्र विस्तार र कार्यक्रम कार्यान्वयन ढाँचा छलफलको चरणमा नै रहेको छ।

साथै, नेपाल बहुसूचक सर्भेक्षण २०१९ प्रतिवेदनका अनुसार नेपालमा ५ बर्षमुनिका १००० जीवित जन्ममा २८ जनाको मृत्यु, ६२.१ प्रतिशत आमाले बच्चा जन्मेको ६ महिना सम्म आफ्नो दुधमात्र खुवाउने, ५ बर्षमुनिका बालबालिका मध्ये २४.३ प्रतिशतमा लिखुरे (कमतौल), ३१.५ प्रतिशतमा पुड्कोपन, र १२ प्रतिशतमा ख्याउटेपन रहेको देखिन्छ । सोही प्रतिवेदन अनुसार १५.१ प्रतिशत बालबालिका माध्यमिक विद्यालय बाहिर रहेका र २१ प्रतिशत घरधुरीमा सुधारिएको चर्पीको प्रयोग नगरेको अवस्था देखिन्छ। उक्त प्रतिवेदनको पूर्ण रुप https://cbs.gov.np/nmic-2019-key-report/ मा उपलब्ध छ ।

यस सन्दर्भमा बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन ढाँचा स्वीकृत भएपछि सोही अनुसार हुनेगरी हाललाई देहाय बमोजिम गर्ने व्यवस्था मिलाउनु हुन २०७७/०४/१६ को निर्णयानुसार अनुरोध गर्दछु।

१. गत आ.व. को बजेट सिलिङ्ग बराबरको सिलिङ्ग क्रियाकलाप एकीन गर्ने।
२. नेपाल सरकार र स्थानीय तहको बजेटको छुट्टाछुट्टै क्रियाकलाप तयार गर्ने।
३. पहिलो चौमासिकमा स्थानीय तहको बजेटबाट सञ्चालन हुने क्रियाकलाप राख्ने।
४. क्रियाकलाप तय गर्दा बहुक्षेत्रीय पोषण योजना-दोस्रोले परिभाषित गरेका क्षेत्रका क्रियाकलाप छनौट गर्ने।
५. क्रियाकलाप छनौटको लागि मन्त्रालयबाट मिति २०७६/०३/०३ मा पठाइएको पत्र बमोजिमको प्रक्रिया अवलम्बन गर्ने।
६. कार्यसम्पादन क्षमता राम्रो भएका पोषण स्वयंसेवकहरुलाई साविकको सेवा, शर्त र सुविधा पाउने गरी यस आ.व. को लागि करार सेवामा निरन्तरता दिन सकिने। पोषण स्वयंसेवक रिक्त रहेका स्थानीय तहले गत आ.व. मा तोकिएको शर्त बमोजिम छनौट गरी सेवा करारमा राख्ने व्यवस्था मिलाउने।
७. पोषण स्वयंसेवक र विषयगत सम्पर्क व्यक्तिहरुलाई साविकको कार्यशर्त बमोजिमको काममा लगाउने।

जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थः**
श्री राष्ट्रिय योजना आयोग, सिहदरवार।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।